नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं ४१

मितिः२०८३/०४/१८

ने.सं. ११४६

श्री स्थानीय तह सबै

विषयःराष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार शाखाको प.सं.२०८३/८४, च. नं.३०३, मिति २०८३/०४/१४ को पत्र साथ प्राप्त राष्ट्रिय मानव अधिकार आयोगले लोपोन्मुख तथा अल्पसंख्यक आदिवासी जनजाति कुशुन्डा समुदायको मानव अधिकारको अवस्था अध्ययन गरी पेश गरेको प्रतिवेदनमा स्थानीय तहले कार्यान्वयन गर्न सिफारिस गरेका विषयहरु यसै साथ सँलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकार शाखा, सिंहदरवार, काठमाडौं ।

श्री राष्ट्रिय मानव अधिकार आयोग, पुलचोक, ललितपुर ।

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## मानव अधिकार शाखा

## सिंहदरबार, काठमाण्डौं

...तथा सामान्य प्रशासन मन्त्रालय

दर्ता नं.: ३११
मिति: २०८३।४।१५

प.सं. :- ०८३/८४
च.नं. :- ३०३

मिति :- वि.सं. २०८३/०४/१४

ने.स. :- ११४६ दिल्लागा.१ बिहिवार

विषयः सिफारिस कार्यान्वयन सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

उपर्युक्त सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले लोपोन्मुख तथा अल्पसंख्यक आदिवासी जनजाति कुसुन्डा समुदायको मानव अधिकार अवस्था अध्ययन गरी पेस गरेको प्रतिवेदनमा उल्लिखित विषयहरुमध्ये यसैसाथ संलग्न भए बमोजिम आयोगको च.नं. CRD १६ मिति २०८४/०४/०४ को पत्रको प्रतिलिपीमा उल्लेख गरिएका विषयहरु कार्यान्वयन गर्नका लागि आयोगको मिति २०८३/०१/३१ गतेको निर्णयानुसार सिफारिस भई आएको हुँदा उक्त पत्रको प्रतिलिपि यसैसाथ संलग्न राखी पठाइएको छ। आफ्नो मन्त्रालयसँग सरोकार राख्ने विषयहरुको यथाशीघ्र कार्यान्वयन गरी सोको जानकारी यस कार्यालय र आयोगलाई समेत उपलब्ध गराउनहुन आदेशानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Ramesh Nepal
lawrameshnepal@gmail.com

(रमेश नेपाल)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय मानव अधिकार आयोग,
पुल्चोक, ललितपुर।

९०१
२०८३।४।६

# राष्ट्रिय मानव अधिकार आयोग


National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


च.नं. CRD.96

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

मितिः २०८३/०४/०४
ने.सं.११४६ दिल्लाथ्व षष्ठी

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ ।

विषयः सिफारिस सम्बन्धमा ।

उपरोक्त विषयमा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको विविध विषयमा अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गर्दै आएको कुरा अवगतै छ। यसै सन्दर्भमा आयोगले लोपोन्मुख तथा अल्पसंख्यक आदिवासी जनजाति कुसुन्डा समुदायको मानव अधिकार अवस्था अध्ययन गरी आयोगको मिति २०८३/०१/३१ गतेको बैठकबाट तपसिल खण्डमा उल्लेख भए बमोजिम सिफारिस गर्ने निर्णय भएकाले उक्त सिफारिस कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ। साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन,२०६८ को दफा १७ बमोजिम सिफारिस कार्यान्वयन गरी यस आयोगलाई समेत जानकारी गराई दिनुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

संघीय सरकार

- कुसुन्डा समुदायलगायत लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि एकिकृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न/गराउन।
- कुसुन्डा समुदायका लागि उनीहरूको स्वतन्त्र पुर्वसुसूचित सहमतिमा एकिकृत बस्ती विकास गरी सामुहिक बसोबासको प्रबन्ध गर्न/गराउन।
- दाङ जिल्ला लमही नगरपालिका वडा नं. ४, अर्नवा बसोबास गर्ने आफुलाई कुसुन्डा दावी गरिरहेका तर नागरिकतामा कुमाल थर कायम भएका नागरिकहरूको जातीय पहिचान सम्बन्धमा उनीहरू समेतको सहभागितामा अध्ययन गरी उनीहरूको पहिचान एकिन गरी सोही अनुसारको जातीय पहिचान कायम गर्न/ गराउन।

श्री मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा
२०८३।४।६

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. 268
मिति 2083।4।6


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

- परम्परागतरूपमा उपभोग भइरहेको घर, कुसुन्डा समुदायले चर्चेको जग्गाको भोगाधिकार तथा स्वामित्व कायम गर्नका लागि आवश्यक कार्य गर्न/ गराउन।
- कुसुन्डा समुदायको भाषा संरक्षण गर्न तथा उनीहरूको संस्कृतिको प्रवर्धन तथा संरक्षणका प्रयासलाई सुदृढिकरण गर्न/गराउन।
- कुसुन्डा समुदायको शिक्षा स्वास्थ्य रोजगारीको अधिकारमा विशेष रूपमा ध्यान दिई आर्थिक सवलीकरणका लागि कार्य गर्न/गराउन।
- लोपोन्मुख अवस्थामा रहेका कुसुन्डा समुदायको संरक्षणको निम्ति एकिकृत बस्तीको विकास गर्न/गराउन।

प्रदेश सरकार

- अधिकारमा आधारित वन व्यवस्थापन प्रणालीको विकास गर्न/गराउन।
- कुसुन्डा समुदायका युवायुवतीलाई प्राविधिक शिक्षा, व्यावसायिक र सीपमूलक तालिम तथा र रोजगारीका अवसर सिर्जना गर्न/ गराउन।
- कुसुन्डा समुदायको संरक्षणका लागि विशेष व्यवस्था गर्न/गराउन।
- लोपोन्मुख अवस्थामा रहेका कुसुन्डा समुदायको संरक्षणको निम्ति एकिकृत बस्तीको विकास गर्न/गराउन।

स्थानीय तह

- कुसुन्डा भाषा संरक्षणका लागि सो समुदायका बालवालिकालाई विद्यालय तहदेखि नै कुसुण्डा भाषामा शिक्षा दिने व्यवस्था गर्न/गराउन।
- कुसुन्डा समुदायको सांस्कृतिक पहिचान, मौखिक इतिहास, परम्परागत ज्ञान अभिलेखीकरण गरी अन्य समुदायमा प्रवर्धन गर्न/गराउन।
- कुसुन्डा समुदायका विद्यार्थीलाई विशेष छात्रवृत्ति तथा आवासीय अध्यापनको व्यवस्था गर्न/गराउन।
- कुसुन्डा समुदायका युवायुवतीलाई प्राविधिक शिक्षा व्यवसाय र सीपमूलक तालिम, र रोजगारीका अवसर सिर्जना, स्टार्ट अप अनुदानको व्यवस्था गर्न/गराउन।

- कुसुन्डा समुदायका युवायुवतीलाई प्राविधिक शिक्षा व्यवसाय र सीपमूलक तालिम र रोजगारीका अवसर सिर्जना, स्टार्ट अप अनुदानको व्यवस्था गर्न/गराउन।
- प्राथमिक स्वास्थ्य सेवा, पोषण र सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्न/गराउन।
- कुसुन्डा समुदायका महिला र बालबालिकालाई लक्षित विशेष कार्यक्रम सञ्चालन गर्न/गराउन।
- सामाजिक सुरक्षा भत्तालाई उत्पादन क्षेत्रमा परिचालनका लागि वित्तीय अभिमूखीकरण कार्यक्रम गर्न/ गराउन।
- कुसुन्डा समुदायलाई सम्पतीको अधिकारमा पहुँच स्थापीत गर्दै उनीहरूले भोगचलन गरीरहेको जग्गा जमिनको स्वामित्वका लागि आवश्यक कार्य गर्न/गराउन।
- लोपोन्मुख अवस्थामा रहेका कुसुन्डा समुदायको संरक्षणको निम्ति एकिकृत बस्तीको विकास गर्न।

नागरिक समाज तथा अन्य संघसंस्थाः

- कुसुन्डा समुदायको संरक्षणका लागि उनीहरूलाई सिपमूलक कार्यक्रममा सहभागिता गराउन।
- कुसुन्डा समुदायको संरक्षणका लागि उनीहरूको स्वतन्त्र पुर्व-सुसूचित सहमतिमा एकिकृत बस्ती विकास गरी सामुहिक बसोबासको प्रबन्धका लागि आवश्यक पहल गर्न।

बोधार्थ तथा कार्यार्थः

१. श्री गृह मन्त्रालय सिंहदरबार, काठमाडौं ।
२. श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ ।
३. श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं ।
४. श्री शिक्षा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं ।
५. श्री युवा, श्रम तथा रोजगार मन्त्रालय सिंहदरबार, काठमाडौं ।

६. श्री स्वास्थ्य तथा स्वच्छता मन्त्रालय सिंहदरबार, काठमाडौं ।
७. श्री भाषा आयोग शंखमूल, काठमाडौं ।
८. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सानेपा, ललितपुर ।
९. श्री गैरसरकारी सँस्था महासंघ बुद्धनगर, काठमाडौं ।
१०. श्री नेपाल आदिवासी जनजाति महासंघ सिनामंगल, काठमाडौं ।
११. श्री नेपाल कुसुन्डा विकास समिति केन्द्रीय कार्यालय दाङ, घोराही ।

.................................
(लोकनाथ बास्तोला)
प्रमुख
सामुहिक अधिकार महाशाखा

*पुनश्चः कुसुन्डा समुदायको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन-२०८३ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।*

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं ३९

मितिः२०८३/०४/१८
ने.सं. ११४६

श्री स्थानीय तह सबै ।

विषयःनेपाल स्काउटको निर्वाचन सम्पन्न गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद मन्त्रालयकोप.सं.२०८३/८४ च.नं.E१.१.१/३५ मिति २०८३/०४/१३ को पत्रमार्फत नेपाल स्काउटको स्थानीय परिषद प्रदेश परिषद तथा राष्ट्रिय परिषद्को निर्वाचन सम्पन्न गराउने सम्वन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक समन्वय तथा सहजिकरणको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा तथा खेलकुद मन्त्रालय सिंहदरवार काठमाडौं ।
श्री सूचना प्रविधि शाखाःवेवसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

## कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा

सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८३/८४

च.नं. :- E१.१.१/३५

मिति :- वि.सं. २०८३/०४/१३

ने.स. :- ११४६ दिल्लाथ्व,१५ बुधवार

विषयः परिपत्र गरिदिने सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ।

प्रस्तुत विषयमा नेपाल स्काउट (राष्ट्रिय प्रधान कार्यालय) को पत्रसंख्या ०८३/०८४ चलानी नं २६ मिति २०८३/०४/११ को पत्रको छायाप्रति संलग्न छ। बेहोरा उक्त पत्रबाट अवगत गर्नुभई सोसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा स्थानीय तहहरूलाई परिपत्र गरिदिनु हुन निर्णयानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Jaya Prakash Basnet
jayaprakash.basnet@nepal.gov.np

(जय प्रकाश बस्नेत)
शाखा अधिकृत

बोधार्थः
श्री नेपाल स्काउट
लैनचौर, काठमाण्डौ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय

# नेपाल स्काउट

## राष्ट्रिय प्रधान कार्यालय

पत्र संख्याः ०८३/०८४
चलानी नं.: २६

मितिः २०८३।०४।११

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,

सिंहदरबार, काठमाडौं

विषयः परिपत्र गरिदिने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा, सम्माननीय प्रधानमन्त्री एवं नेपाल स्काउटका संरक्षकज्यूको निर्देशन तथा प्रमुख स्काउट एवं माननीय शिक्षा तथा खेलकुद मन्त्रीज्यूको मिति २०८३।०४।०५ गतेको निर्णयअनुसार नेपाल स्काउटको राष्ट्रिय परिषद्, सातवटै प्रदेश परिषद् तथा स्थानीय तहमा क्रियाशील रहेका सबै स्थानीय परिषद्हरू विघटन भइसकेका छन्।

उक्त निर्णयबमोजिम नेपाल स्काउट अन्तरिम कार्यसमितिको मिति २०८३।०४।०८ गते बसेको बैठकबाट वि.सं. २०८३ माघ महिनाभित्र प्रदेश परिषद् तथा स्थानीय परिषद्को निर्वाचन सम्पन्न गर्ने तथा वि.सं. २०८३ फाल्गुण २१ गते नेपाल स्काउट राष्ट्रिय परिषद्को निर्वाचन सम्पन्न गर्ने निर्णयसहित निर्वाचन कार्यतालिका समेत घोषणा गरिसकिएको हुँदा उक्त निर्णयको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकार तथा स्थानीय तहहरूलाई आवश्यक जानकारी गराई सोहीबमोजिम आवश्यक समन्वय तथा कार्यान्वयनको व्यवस्था मिलाइदिन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आवश्यक परिपत्र गरिदिने व्यवस्था मिलाइदिनुहुन सादर अनुरोध छ।

बोधार्थः

माननीय मन्त्री एवं प्रमुख स्काउटज्यू,
शिक्षा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

...........
अर्पण कार्की
निर्देशक (कार्यालय प्रमुख)

पो.ब.नं. १०३७, लैनचौर, काठमाडौं, नेपाल, फोन नं.: ४५२५७६२, ४५१९००१, ४५१९०९७
फ्याक्सः ९७७-१-४५१३३६९, ईमेलः info@nepalscouts.org, वेबसाइटः www.nepalscouts.org

## नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## सिंहदरबार, काठमाडौं
## (प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं ३८

मिति:२०८३/०४/१८
ने.सं. ११४६

श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कोशी प्रदेश सरकार, विराटनगर
श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
मधेश प्रदेश सरकार, जनकपुर
श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बागमती प्रदेश सरकार, हेटौडा
श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश सरकार, पोखरा
श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
लुम्विनी प्रदेश सरकार, दाङ देउखुरी
श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कर्णाली प्रदेश सरकार, सुर्खेत
श्री मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सुदुरपश्चिम प्रदेश सरकार, धनगढी ।

विषय:नेपाल स्काउटको निर्वाचन सम्पन्न गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद मन्त्रालयकोप.सं.२०८३/८४ च.नं.E१.१.१/३५ मिति २०८३/०४/१३ को पत्रमार्फत नेपाल स्काउटको स्थानीय परिषद प्रदेश परिषद तथा राष्ट्रिय परिषद्को निर्वाचन सम्पन्न गराउने सम्वन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक समन्वय तथा सहजिकरणको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकत

बोधार्थ:
श्री शिक्षा तथा खेलकुद मन्त्रालय सिंहदरवार काठमाडौं ।
श्री सूचना प्रविधि शाखा:सवै मूख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयमा ईमेलमार्फत प्रेषित गरिदिनुहुन

नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

## कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा

सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८३/८४

च.नं. :- E१.१.१/३५

मिति :- वि.सं. २०८३/०४/१३

ने.स. :- ११४६ दिल्लाथ्व,१५ बुधवार

विषय: परिपत्र गरिदिने सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ।

प्रस्तुत विषयमा नेपाल स्काउट (राष्ट्रिय प्रधान कार्यालय) को पत्रसंख्या ०८३/०८४ चलानी नं २६ मिति २०८३/०४/११ को पत्रको छायाप्रति संलग्न छ। बेहोरा उक्त पत्रबाट अवगत गर्नुभई सोसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा स्थानीय तहहरूलाई परिपत्र गरिदिनु हुन निर्णयानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Jaya Prakash Basnet
jayaprakash.basnet@nepal.gov.np

(जय प्रकाश बस्नेत)
शाखा अधिकृत

बोधार्थ:
श्री नेपाल स्काउट
लैनचौर, काठमाण्डौ।

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# नेपाल स्काउट

## राष्ट्रिय प्रधान कार्यालय

पत्र संख्याः ०८३/०८४
चलानी नं.: २६९

मितिः २०८३।०४।११

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,

सिंहदरबार, काठमाडौं

विषयः परिपत्र गरिदिने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा, सम्माननीय प्रधानमन्त्री एवं नेपाल स्काउटका संरक्षकज्यूको निर्देशन तथा प्रमुख स्काउट एवं माननीय शिक्षा तथा खेलकुद मन्त्रीज्यूको मिति २०८३।०४।०५ गतेको निर्णयअनुसार नेपाल स्काउटको राष्ट्रिय परिषद्, सातवटै प्रदेश परिषद् तथा स्थानीय तहमा क्रियाशील रहेका सबै स्थानीय परिषद्हरू विघटन भइसकेका छन्।

उक्त निर्णयबमोजिम नेपाल स्काउट अन्तरिम कार्यसमितिको मिति २०८३।०४।०८ गते बसेको बैठकबाट वि.सं. २०८३ माघ महिनाभित्र प्रदेश परिषद् तथा स्थानीय परिषद्को निर्वाचन सम्पन्न गर्ने तथा वि.सं. २०८३ फाल्गुण २१ गते नेपाल स्काउट राष्ट्रिय परिषद्को निर्वाचन सम्पन्न गर्ने निर्णयसहित निर्वाचन कार्यतालिका समेत घोषणा गरिसकिएको हुँदा उक्त निर्णयको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकार तथा स्थानीय तहहरूलाई आवश्यक जानकारी गराई सोहीबमोजिम आवश्यक समन्वय तथा कार्यान्वयनको व्यवस्था मिलाइदिन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आवश्यक परिपत्र गरिदिने व्यवस्था मिलाइदिनुहुन सादर अनुरोध छ।

बोधार्थः

माननीय मन्त्री एवं प्रमुख स्काउटज्यू,
शिक्षा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

............
अर्पण कार्की
निर्देशक (कार्यालय प्रमुख)

पो.ब.नं. १०३७, लैनचौर, काठमाडौं, नेपाल, फोन नं.: ४५२५७६२, ४५१९००१, ४५१९०९७
फ्याक्सः ९७७-१-४५१३३६९, ईमेलः info@nepalscouts.org, वेबसाइटः www.nepalscouts.org